नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ९, संख्याः १५, कार्तिक १७ गते, २०८२ साल

व्यास नगरपालिकाको कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित नियमावली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग २

## व्यास नगरपालिकाको आय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी नियमावली (दोस्रो संशोधन), २०८२

कार्यपालिकाबाट पारित मिति : २०८२।७।१६

व्यास नगरपालिकाको आय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी नियमावली, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम नगर कार्यपालिकाबाट स्वीकृत भई व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छ :

| क्र.स. | साविकमा भएको | संशोधन गर्नुपर्ने (थप/घट) |
|---|---|---|
| १. | नियमावलीको नियम १३ को उपनियम (१) मा "आय ठेक्का व्यवस्थापन सम्बन्धमा यस नियमावलीमा उल्लेख भएकोमा यसै नियमावली बमोजिम र उल्लेख नभएको हकमा प्रचलित सार्वजनिक खरिद ऐन र सो ऐन बमोजिम बनेका नियमावलीहरुमा उल्लेख भए बमोजिम हुनेछ ।" | "आय ठेक्का व्यवस्थापन सम्बन्धमा यस नियमावलीमा उल्लेख भएकोमा यसै नियमावली बमोजिम र नियमावलीमा उल्लेख नभएको हकमा नगर कार्यपालिका बैठकको निर्णय बमोजिम र सो मा पनि उल्लेख नभएको हकमा प्रचलित सार्वजनिक खरिद ऐन र सो ऐन बमोजिम बनेका नियमावलीहरुमा उल्लेख भए बमोजिम हुनेछ ।" |

आज्ञाले
सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत